**निर्णय :-**

१. एशियाली विकास वैंक (ADB)को सहयोगमा संचालित एकीकृत शहरी विकास आयोजना IUDP द्वारा सरसफाई सम्बन्धी विभिन्न मेशिनरी उपकरण तथा सामाग्रीहरु खरीद गर्न दिने अनुदान रकम आयोजना समन्वय कार्यालयको शर्त बमोजिम चालु अंग्रेजी वर्ष सन २०१९ को अन्त सम्म खरीद गरी उपयोग गर्ने निर्णय गरियो ।

२. श्री जानकी मन्दिर लाई विश्व सम्पदा सूचिमा सूचिकृत गर्न जानकी मन्दिरलाई केन्द्र बनाई तपसिल बमोजिमको क्षेत्र समावेश गर्ने निर्णय गरियो ।

**तपसिल :–**

जानकी मिन्दरको दक्षिणतर्फको पर्खाल टांसेर गएको सानो बाटो हुँदै जानकी मन्दिरको पछाडीको बाटो हुदै विवाह मण्डपको पछाडीको बाटो बाट अंगराज सर पश्चिम डिल हुदै दूरसञ्चारको अगाडी बाट धनुषा पथ हुदै जानकी मन्दिर, जनक चौक, शिव चौक, गंगा सागर, धनुष सागर, राम चौक तथा राम मिन्दरको पछाडीको बाटो बाट पुनःजानकी मन्दिर यति भित्रको क्षेत्र ।

२.१ जनकपुरधाम स्थित श्री जानकी मन्दिरलाई विश्व सम्पदा सुचीमा सुचीकृत गर्ने कामलाई तदारुखताका साथ अगाडी बढाउन, UNESCO लगायतका निकायहरुसँग समन्वय गर्न नगरप्रमुख श्री लाल किशोर साह ज्यूको संयोजकत्वमा तपसिल बमोजिमका सल्लाहकार समिति तथा श्रोत परिचालन समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल :–**

## सल्लाहकार समिति :–

| | | | |
|---|---|---|---|
| १) | नगरप्रमुख, जनकपुरधाम उपमहानगरपालिका | – | संयोजक |
| २) | नगर उप–प्रमुख, जनकपुरधाम उपमहानगरपालिका | – | सदस्य |
| ३) | महन्थ, जानकी मन्दिर | – | सदस्य |
| ४) | प्रा.भोगेन्द्र झा | – | सदस्य |
| ५) | राम वावु ढकाल | – | सदस्य |
| ६) | नवल किशोर यादव | – | सदस्य |
| ७) | प्रमुख प्रशासकिय अधिकृत, जनकपुरधाम उपमहानगरपालिका | – | सदस्य सचिव |

## श्रोत परिचालन समिति :–

| | | | |
|---|---|---|---|
| १) | नगरप्रमुख, जनकपुरधाम उपमहानगरपालिका | – | संयोजक |
| २) | प्रमुख जिल्ला अधिकारी, धनुषा | – | सदस्य |
| ३) | नगर उप–प्रमुख जनकपुरधाम उपमहानगरपालिका | – | सदस्य |
| ४) | प्रहरी उपनिरिक्षक, जिल्ला प्रहरी कार्यालय धनुषा | - | सदस्य |
| ५) | वडा अध्यक्ष (Buffer Zone मा पर्ने सब वडाअध्यक्षहरु सवै) | – | सदस्य |

| | | | |
|---|---|---|---|
| ६) | अध्यक्ष , जनकपुर उद्योग बाणिज्य संघ | – | सदस्य |
| ७) | अध्यक्ष, नेपाल पत्रकार महासंघ जनकपुर शाखा | – | सदस्य |
| ८) | अध्यक्ष, होटल व्यवसायि महासंघ, जनकपुरधाम | – | सदस्य |
| ९) | महन्थ जानकी मन्दिर | – | सदस्य |
| १०) | परमेश्वर झा (राजस्व शाखा प्रमुख ज.उ.म.न.पा.) | – | सदस्य |
| ११) | दीपेश साह (फोकल प्वाईनट, जनकी मन्दिर विश्व सम्पदा सूचि) | – | सदस्य |
| १२) | आवश्यक परे अनुसार अन्य बिज्ञ, सामाज सेवी हरु मध्ये आमन्त्रि | – | सदस्य |
| १३) | श्री प्रमुख प्रशासकिय अधिकृत, जनकपुरधाम उपमहानगरपालिका | – | सदस्य सचिव |

३. यस उप-महानगरपालिकामा विभिन्न सेवा (प्रविधिक, प्रशासनिक, नगरप्रहरी, कार्यालय सहयोगी र सफाईमा सेवा करार एवं ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई २०७६ श्रावण १ गते देखी प्रचलित स्केलको तलव तथा सुविधा दिई सेवामा निरन्तरता दिने र उक्त विषय आगामी नगर सभाबाट अनुमोदन गराउने निर्णय गरियो, साथै यस उप-महानगरपालिकमा रिक्त रहेका विभिन्न तह र सेवाका कर्मचारिहरुका लागी गरिएको विज्ञापन अनुसार लिईएको परिक्षाफल प्रकाशति गरि सेवा करार लिने निर्णय गरियो ।

४. यस उपमहानगरपालिकाका वडा कार्यालयहरुमा कार्यरत सम्पूर्ण कर्मचारीहरु (स्थायी, करार, ज्यालादारी) सबैको हाजिरी सम्बन्धित वडा कार्यालयर्मा गराउने, हाजिरीको प्रत्यक्ष निरीक्षण, अनुगमन र नियमन सम्बन्धित वडा अध्यक्षहरुबाट गराउने र वडा कार्यालयमा कार्यरत कुनै कर्मचारीले बिदामा बस्नु परेमा सम्बन्धित वडा कार्यालयको सिफारिश अनिवार्य लिनु पर्ने निर्णय गरियो ।

५. यस उपमहानगरपालिकामा समानुपातिक प्रतिनिधत्व गर्ने ८(आठ) जना कार्यपालिका सदस्यहरु लाई कार्यालयको प्रत्येक बैठकमा यातायात खर्च वापत रु.१,२००।-(एक हजार दुई सय) दिने निर्णय गरियो ।

६. उपमहानगरपालिकाको कार्यपालिकाका सम्पुण पदाधिकारीहरु लाई गत वर्ष को विजया दशमीमा उपलव्ध गराए सरहको रकम यस वर्ष पनि दशै खर्चका रुपमा उपलव्ध गराउने निर्णय गरियो ।

७. आसन्न वडा दशैको समयमा नगर को सफाई कायम राख्न प्रत्येक वडाबाट हुने मांग र सोको औचित्य हेरि नगर सफाईमा थप जनशक्ति परिचालन गर्ने निर्णय गरियो ।